# बार्षिक समिक्षा बैठकको प्रतिवेदन

## आ.व. २०८१/०८२

# परोहा नगरपालिका

लौकाहा, रौतहट

मधेश प्रदेश, नेपाल

**आ.व. २०८०/२०८१ को बजेट कार्यान्वयको वार्षिक समिक्षा प्रतिवेदन**

CamScanner

## भूमिका

नेपालको संविधानले दिएको दिशानिर्देशन, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु, घोषित राष्ट्रिय लक्ष्य तथा प्राथमिकताहरु, स्रोतको उपलब्धता, आम नागरिकको अपेक्षा र मागहरु, आर्थिक अनुशासन, समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी उत्पादनशील पूर्वाधार निर्माण, कृषि क्षेत्र, जलस्रोत, आयमूलक तथा सीपमूलक कार्यक्रमको संचालन, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, मानव विकास , सीप विकास, सामाजिक पूँजीको निर्माण,सामाजिक सशक्तीकरण, पोषण, सामाजिक खराबी विरुद्ध सचेतना कार्य, बाल विकास , युवा र खेलकूद, कला तथा सँस्कृति, जलवायु जोखिम न्यूनीकरण र उत्थानशील विकास योजना लगायतका सेवा प्रवाहसँग सम्बन्ध हुने गरी वार्षिक समिक्षा तयार पारिएको हो।

## उद्देश्य

यस परोहा नगरपालिकाको आर्थिक,सामाजिक , साँस्कृतिक र समृद्धिका लागि राजस्वका नीतिहरु तथा पद्धतिको विकास गर्नु, संकलित राजश्व र विभिन्न शीर्षकमा सरोकारवाला निकायहरुबाट प्राप्त हुने आम्दानी ( आय ) को ऐन, कानून र नीति नियमका साथै स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ समेतलाई मध्यनजर गरी बजेटको विनियोजन तथा बाँडफाँड गरी नियमानुसार खर्च गरी योजना पूर्ण सफल बनाई लाभग्राही जनतालाई बढी सम्पन्न र सन्तोषजनक जीवन यापन गर्ने अवसरको सृजना गरी सो योजनाहरुबाट अधिकतम लाभ पु-याउनु हो ।

## प्रगति

यस परोहा नगरपालिकाको आ.व.२०८०/०८१ मा सम्पन्न भएका आयोजना र कार्यक्रमहरु लगायत अन्य कार्य प्रक्रिया र गतिविधिहरु माथी छलफल गर्दा समग्रमा चालु तर्फ ८७.७३ प्रतिशत र पूजीगत तर्फ ८४.११ प्रतिशत सम्बन्धित आयोजना तथा कार्यक्रममा खर्च भई राम्रो प्रगति रहेको साथै सम्पादित आयोजना / कार्यक्रमहरु प्रभावकारी, मितव्ययी र जनमुखी हुनुका साथै लभान्वित परिवारहरु समेत संतुष्ट र खुशी रहेको स्थानीय लाभग्राहीहरु र नगरपालिका भित्रका व्यक्तीहरुले रोजगारी पाएको, जनताको दैनिकीमा सुधार आएको, विकास कार्य प्रति जनताको चासो र चेतनामा बृद्दि हुँदै गएको पाईएको हुँदा समय सापेक्ष योजनाहरुको लक्ष्य र प्रगति उत्तम रहेको र वार्षिक बजेट तथा कार्यक्रम अनुसार योजना कार्यान्वयनमा सहयोग गर्नु हुने जनप्रतिनिधि, कर्मचारी तथा समाजिक अगुवाका साथै सरोकारवालाहरुको उल्लेखनिय सहयोगी भूमिकाको कदर गर्दै अगामी दिनमा पनि विशेष सहयोगको आशा राख्दै सहयोग गर्ने सबैलाई विशेष धन्यवाद दिन चाहन्छु ।

मो. महफुज अहमद
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

परोहा न.पा.को आ.व.२०८०/०८१ को वार्षिक बजेट तथा योजना व्यवस्थापन अन्तर्गत खर्च प्रगतिको अवस्था

## क्षेत्रगत बजेट र खर्चको स्थिति -

| सि.नं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २९३०४०००.०० | २७१३३००९.८५ | ९२.५९ |
| २ | पूर्वाधार विकास | ८८२८६०४१.०० | ७१७४०१३०.०७ | ८१.२६ |
| ३ | सामाजिक विकास | १०५१०४७१०.०० | ९२७५४६३५.४५ | ८८.२४ |
| ४ | संस्थागत विकास,सेवा प्रवाह र सुशासन | १०३०००.०० | ९७३००.०० | ९४.४७ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | २७५२६४१६५.३१ | २४१४८९२८२.०८ | ८७.७३ |
| | जम्मा | ४९८०६१९१६.३१ | ४३३२१४३५७.४५ | ८६.९८ |

चौमासिक पूजीगत खर्च

| बजेटको उपशीर्षक | कूल खर्च | चौमासिक खर्च रु. | | | अषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| पूजीगत खर्च | रु.१३६९५९०००.०० आय | प्रथम | दोस्रो | तेस्रो | |
| | रु.११५२०१२०४.०७ व्यय | ३३२८३२५१.०० | ३०२११७०१.४० | ५१७०६२५१.६७ | ३७१५७४७३.६७ |
| प्रतिशत | ८४.११ | | | | |

## योजनाको विवरण

| सि.नं. | कार्यक्रमको नाम | योजना संख्या | २०लाख माथीका योजना संख्या | ५-२० लाख सम्मका योजना | ५ लाख भन्दा कमका योजना संख्या |
|---|---|---|---|---|---|
| १ | नगर स्तरीय योजान | ६१ | ३ | ४४ | १४ |
| | वडा स्तरीय योजना | २४ | ० | १७ | ७ |
| | जम्मा | ८५ | ३ | ६१ | २१ |

शिक्षा तर्फ -

यस न.पा.भित्र रहेको २२ वटा विधालयहरु ( मा.वि. ६ वटा।नि.मा.वि.१ वटा, प्रा.वि.११ वटा र धार्मिक ४ वटा ) मा शैक्षिक सत्र २०८० मा विधार्थी संख्या १३०८३ जना रहेकोमा शैक्षिक सत्र २०८१ मा सो

मो. महफुज अहमद
प्रमुख प्रशासकीय अधिकृत

संख्या बढेर १४२४७ जना रहेकोमा विधार्थी संख्या तथा तहगत अनुपातमा शिक्षक अभाव टार्न तहगत नगर शिक्षक मा.वि.३ जना नि.मा.वि. ८ जना र प्रा.वि.४३ जना र १७ जना बालविकास सहजकर्ता समेत थप गरिनुका साथै विधालयको लागी जग्गा, कक्षा कोठा, फर्निचर, विधालय व्यवस्थापनको लागी आवश्यक सहयोग तथा छात्राहरुलाई प्रोत्साहनका कार्यक्रमहरु लगायतको व्यवस्थापन गरिएको र थप पुर्वाधार निर्माण हुने क्रममा रहेकोले समग्रमा शैक्षिक प्रगति राम्रो रहेको निष्कर्ष सहित अगामी दिनमा अझ प्रगति हासिल गर्ने लक्ष्यका साथ अन्य कार्यक्रमलाई लागु गर्दै जाने निर्णय गरियो।

स्वास्थ्य तर्फः-

यस पालिकामा जनसंख्या, स्वास्थ्य तथा स्वास्थ्य संस्थाको अवस्थाः-
जम्मा जनसंख्या - ४७६३७

१ बर्ष मुनिको जनसंख्या - ११७८
२बर्ष मुनिको जनसंख्या - २३०४
५ बर्ष मुनिको जन संख्या - ४२७५
अनुमानित जिवित जन्म - १२२८
अनुमानित गर्भवति - १६०७ रहेको छ।
*स्वास्थ्य चौकी- ६
*अधारभुत स्वास्थ्य सेवा केन्द्र -३
*नगर स्तरीय १५ बेड अस्पताल-१
*बर्थिङ सेन्टर -३
*आयुर्बेद औषधालय -१ रहेको छ ।
जसमा नेपाल सरकारको दरबन्दी तेरीज अनुसार स्वास्थ्य चौकीमा आवश्यक स्वास्थ्यकर्मीको दरबन्दी अनुसारको जनशक्ति पदपुर्ति रहेको र अधारभुत स्वास्थ्य सेवा केन्द्र तथा नगर स्तरीय अस्पतालका लागि नेपाल सरकारको प्रस्तावित दरबन्दी अनुसार कार्यपालिकाको निर्णय वाट दरबन्दी पारीत गरी पदपुर्ति गरी जन समुदायलाई आवश्यक अधारभूत स्वास्थ्य सेवा वाट प्रत्याभुति गराईएको छ ।
जम्मा जनशक्तिको अवस्थाः-
जम्मा स्थायी दरबन्दी- ४६ जना
अन्य दरबन्दी - २२ जना
पदपुर्ति –
स्थायी -२८ जना
करार सेवा पदपुर्ति -३८ जना
यस पालिकाको HMIS प्रतिवेदनको अवस्थाः-बिगत २ बर्षमा १०० % रहेको छ।
जस अनुसार HMIS मा प्रबिष्ट प्रतिवेदन अनुसार प्राप्त केही आवश्यक डाटाहरु तुलनात्मक २ बर्षको यस प्रकार रहेको छः-

मो. महफुज अहमद
प्रमुख प्रशासकीय अधिकृत

खोप:-

| खोपको नाम | ०७९/०८० प्रगती | ०८०/०८१ प्रगती | कैफियत |
|---|---|---|---|
| बि.सि.जी. | 1422 | 1235 | |
| डि.पि.टी./हिब तेश्रो मात्रा | 1405 | 1293 | |
| रोटा दोश्रो मात्रा | 1285 | 1260 | |
| पुर्ण खोप | 1498 | 1257 | |
| टि.डी.२/टि.डी.२+ | 1247 | 1323 | |

पोषण तथा आई.एम.सी.आई.कार्यक्रम:-

| | | | |
|---|---|---|---|
| पोषण लेखाजोखा ५ बर्ष मुनिको बालबालिका | 4272 | 4505 | |
| कुपोषित संख्या | 204 | 179 | |
| कुपोषित व्यवस्थापन गरी निको भएको | 201 | 179 | |
| भिटमिन ए खुवाईएको बालबालिका सं. | 7000 | 7000 | |
| अलबेन्डाजोल खुवाइएका सं. | 6000 | 6000 | |
| स्वास्थ्य संस्थामा आएका बिरामी ५ बर्ष मुनिका बालबालिकाको संख्या | 3515 | 4077 | |
| सामान्य रुघाखोकी उपचार | 961 | 1070 | |
| न्युमुनोया/कडा न्युमोनिया उपचार | 151 | 111 | |
| सामान्य झाडापखालाकोउपचार | 941 | 982 | |
| कडा जलबियोजन उपचार | 2 | 0 | |

गर्भवति तथा सुत्केरी सेवा:-

| | | | |
|---|---|---|---|
| गर्भवति जाँच प्रथम पटक | 1732 | 1390 | |
| गर्भवति जाँच चौथो पटक | 1071 | 738 | |
| आईरन चक्की पाएका गर्भवति महिला सं. | 1732 | 1930 | |
| जम्मा संस्थागत सुत्केरी सं. | 865 | 755 | |
| नर्सले घरैमा गई सुत्केरी जाँच गरेको सं. | 184 | 429 | |

बिरामी जाँच तथा अन्य उपचार सेवा:-

| | | | |
|---|---|---|---|
| ओ.पी.डी.नयाँ विरामी सं. | 34243 | 30816 | |
| जम्मा क्षयरोग बिरामी पतालगाई उपचार गरेको सं. | 59 | 103 | |
| बिशेषज्ञ स्वा.शिविर वाट उपचार पाएका बिरामी संख्या | 685 | 1465 | |

मो. महफुज अहमद
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

आफ्नै भवनमा निर्धारित मापदण्ड अनुसार स्वास्थ्य सेवा प्रदान, सुरक्षित खानेपानी, २४ घण्टा प्रसुति सेवाको उपलब्धता, पैथोलोजी ल्याब, एक्स-रे, भिडियो एक्स-रे, नि:शुल्क औषधि वितरण, नियमित खोप संचालन, पूर्ण खोप, पोषण, आईरन चक्की पाएका सुत्केरी गर्भवती र प्रथम तथा चौथो गर्भवति जाँच गराएका साथै संस्थागत सुत्केरी भएका, प्रथम र चौथो पि.एन.सि. सुत्केरी जस्ता सुचाङ्कमा लक्ष्य प्रगति सत प्रतिशत रहेकोले कार्यक्रम पूर्ण रुपमा सफल रहेको निष्कर्ष सहित अगामी दिनमा अझ थप आवश्यक मेशिन, जनशक्ती तथा कार्यक्रम संचालन तथाव्यवस्थापन गर्ने निर्णय सर्व सम्मतिले पारित गरियो।

रोजगार सेवा केन्द्र मार्फत प्रधानमन्त्री कार्यक्रम तर्फ

आ.व. २०८०/८१ मा यस नगरपालिकामा कुल २५२ जना बेरोजगार व्यक्तिहरु सूचीकृत रहेकोमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीमा समावेश गर्न युवा रोजगरीको लागि रुपान्तरण पहल परियोजना सञ्चालन गर्न रु. २६ लाख ७२ हजार रुपैयाँ र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न रु. १८ लाख २२ हजार रुपैयाँ बजेट सशर्त अनुदान मार्फत प्राप्त भएकोले बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा सहभागी गराउन युवारुप (विश्व बैंक) अन्तर्गत १० वटा र प्रधानमन्त्री रोजगार कार्यक्रम (नेपाल सरकार) अन्तर्गत ५ वटा गरी कुल १५ वटा रोजगार आयोजनाहरु सञ्चालन गरिएको थियो । यस नगरपालिकाको सबै वडाहरुलाई समेटने गरी नगरस्तरीय वृक्षारोपण गोडमेल तथा संरक्षण आयोजना, वडा नं. १, २, ३, ५, ७, ८ र ९ मा वडास्तरीय नाला सरसफाई आयोजना, वडा नं. ५ र ८ मा सडक मर्मत आयोजना, वडा नं. ५, ७ र ८ मा कुलो, पैनी र नहर मर्मत आयोजना र वडा नं. ३ मा सामुदायिक पूर्वाधार निर्माण आयोजना सञ्चालन गरिएको थियो । सामुदायिक पूर्वाधार विकासको निर्माण तथा मर्मत कार्यमा कुल ६६ जना बेरोजगार व्यक्तिहरुले औषत ८१ दिनको रोजगारी प्राप्त गरेको थियो भने ज्यालामा कुल जम्मा ३५ लाख ५५ हजार ९६ रुपैयाँ खर्च भएको थियो । प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ १६९७ दिन र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना तर्फ ३६२५ दिन गरी कुल ५३२२ दिनको रोजगारी सिर्जना भएको थियो । प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना मार्फत मुस्लिम, दलित तथा महिलाहरु बढी लाभान्वित भएका थिए। अगामी दिनमा अझ समय सापेक्ष परोयोजनाको लक्षय सत प्रतिशत प्राप्तीका लागी रचतात्मक भूमीका निर्वाह गर्दै जाने निर्णय सर्व सहमतिले गरियो।

यो प्रतिवेदन तयार गर्न सहयोग गर्नु हुने संलग्न कर्मचारी तथा अमूल्य सल्लाह सुझाव र विचार प्रदान गर्नु हुने बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका सम्पूर्ण सदस्यहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

मो.महफुज अहमद

मिति -२०८१/०६/०१

सदस्य- बजेट तथा कार्यक्रम तर्जुमा समिति

मो. महफुज अहमद
प्रमुख प्रशासकीय अधिकृत

CamScanner